# इन्टर्नेट सेवाको प्रदायकहरुलाई

# नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरुरी सूचना !

नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवा प्रदायकहरुले सेवा प्रदान गरे वापत ग्राहकसँग लिने शुल्क/महशुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको शर्त बमोजिम प्राधिकरणबाट अनिवार्य रुपमा स्वीकृत गराई प्राधिकरणबाट स्वीकृत भएको मिति समेत उल्लेख गरी ग्राहक तथा सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरे पश्चात् मात्र लागू गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ | हाल कतिपय इन्टरनेट (इमेल सहित) सेवा प्रदायकहरुले सेवाको शुल्क/महसुलदर स्वीकृत नगराई बिभिन्न सामाजिक सञ्जाल,पत्रपत्रिका तथा सम्बन्धित सेवा प्रदायकहरुको वेवसाइटमा सुचना प्रकाशन गरी लागू गरेको अवस्था देखिएकाले प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ |

अत: दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको शर्त बमोजिम प्राधिकरणबाट दूरसञ्चार सेवाको शुल्क/महसुलदर प्राधिकरणबाट स्वीकृत गराई सोही बमोजिम प्राधिकरणबाट महसुलदर स्वीकृत भएको मिति उल्लेख गरी ग्राहक तथा सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशन गरे पश्च्यात मात्र इन्टरनेट सेवाको महसुलदर लागू गर्नुहुन सम्बन्धित सेवा प्रदायकहरुलाई जानकारी गराईन्छ |

**नेपाल दूरसञ्चार प्राधिकरण**
**आर्थिक विश्लेषण शाखा**
**जमल, काठमाण्डौं ।**
**फोन नं.** ९७७-१-५३५५४७४, ५३५७१७
**फ्याक्स्:** ९७७-१-५३५५२५०
**पो.ब.नं.**९७५४
**Email: ntra@nta.gov.np, Website: www.nta.gov.np**